# छैटौँ अध्याय

## ६. उपसंहार र निष्कर्ष

### ६.१ उपसंहार

मान्छेको जन्मदेखि मृत्युसम्म नै परिवारल कुनै न कुनै रूपमा रहेकै हुन्छ। अतः समाजको प्राथमिक एकाइको रूपमा परिवारलाई लिएको पाइन्छ। परिवारले व्यक्तिका आधारभूत आवश्यकताहरू जस्तै गाँस, बास र कपास, वंश रक्षा, यौन-सम्बन्ध, सन्तानोत्पत्ति आदिको पूर्तिका साथै समाजमा मानवीय सम्बन्धहरूलाई स्थायित्त्व प्रदान गर्दछ। यो सामाजिक संरचनाको सबैभन्दा सानो एकाइ हो जहाँ व्यक्तिका विभिन्न किसिमका आवश्यकताहरूको पूर्ति हुन्छ। परिवार पति-पत्नी, उनीहरूका छोरा-छोरी साथै नजिकका सम्बन्धीहरूको अपेक्षाकृत स्थायी संस्था हो जसलाई विवाह, सन्तानोत्पत्ति, वंश नामका आधारमा व्यवस्थित राखिन्छ। अतः सामाजिक एवम् व्यक्तिगत दुवै दृष्टिकोणअनुसार परिवार समाजको एउटा मौलिक र आधारभूत एकाइ हो। सामाजिक संरचनामा परिवार नै त्यो केन्द्रीय एकाइ हो जसबाट समाजको निर्माण हुन्छ र यसको निरन्तरतालाई अक्षुण्ण बनाइराखेको हुन्छ।

सानु लामा नेपाली कथा साहित्य जगतमा प्रतिभाशाली कथाकारका रूपमा परिचित छन्। उनले विशेष सामाजिक यथार्थवादी प्रवृत्ति अँगालेर मानव मनका अनेकौँ इच्छा, कुण्ठा, पिरव्यथा, खुशी आदि कुराहरूलाई सूक्ष्म रूपमा केलाउँदै कथा लेखेका छन्। मानव जीवनका हरेक पक्षलाई सुम्सुमाउँदै उनले आफ्ना कथामा सरल, सह भाषाशैलीको प्रयोग गरेका छन्। सानु लामाले सामाजिक यथार्थमा आधारित कथाहरू लेखेका हुनले ती कथाहरूमा चित्रित परिवार र पारिवरिक जीवनको चित्रण

समाजको संरचनाअनुसारका छन्। सुरुका कथाहरूमा आञ्चलिकतालाई लिएर तथा सामाजिक यथार्थवादी मार्ग भएर सिक्किमका भौगोलिक दृश्यावलोकन गर्दै अघि बढ्ने कथाकार लामा हालसम्मको अन्तिम तथा 'सूर्यको तेस्रो किरण' कथा सङ्ग्रहसम्म आइपुग्दा समाजका विभिन्न पक्षहरूलाई समेट्दै पात्रहरूको मनोभवसम्म केलाउँन सफल भएका देखिन्छन्। यसरी मानव जीवनका विभिन्न पक्षलाई समेटेर कथा लेख्ने सानु लामाका कथामा पारिवारिक जीवनको चित्रण प्रशस्तै भेटिन्छ । सानु लामाका कथामा चित्रित पारिवारिक सम्बन्धको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने कुनै पनि परिवारका पारिवारिक सम्बन्धमा मधुरता ल्याउनका निम्ति परिवारका सदस्यमाझमा विश्वास तथा निस्वार्थ प्रेम भाव रहेको हुनुपर्दछ । पारिवारिक जीवनमा केन्द्रित आधुनिक भारतीय नेपाली कथाकारहरूका कथाको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने प्रायः कथाकारहरूले आ-आफ्ना कथामा नेपाली समाजमा व्याप्त कुसंस्कार, कुप्रथा, अन्धविश्वास, छुवा-छुत प्रथा, बाल  विवाह तथा अनमेल विवाह जस्ता सामाजिक विसंगतिहरूप्रति सुधारको भावनाले कथाको विषय बनाएका देखिन्छन्। भारतीय नेपाली कथा साहित्यको क्षेत्रमा सानु लामाको महत्वपूर्ण योगदान रहेको छ। यस शोध प्रबन्धको प्रतिपाद्य विषय नै सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणको अध्ययन हुनाले उनका कथामा चित्रित पारिवारिक जीवनको चित्रणलाई विभिन्न पक्षले हेर्ने प्रयत्न गरिएको छ। यहाँ पूर्ववर्ती छ अध्यायहरूमा गरिएका सर्वेक्षण, अध्ययन, चर्चा, विवेचना र परीक्षण कार्यको सारांश प्रस्तुत गरी यस शोधकार्यको मुख्य प्राप्तिलाई निष्कर्षका रूपमा उल्लेख गरिएको छ।

प्रस्तुत शोधप्रबन्धको पहिलो अध्यायमा शोध प्रबन्धको परिचय प्रस्तुत गरिएको छ। यस अध्यायमा प्रस्तुत शोध प्रबन्धको शीर्षक परिचय दिएर यस शोधकार्यको समस्या कथन, उद्देश्य, पूर्वकार्यको  सर्वेक्षण, औचित्य, सीमाङ्कन, शोधकार्यको सङ्गठन जस्ता सैद्धान्तिक कुराहरूको परिचयात्मक व्याख्या गरिएको छ। यसका साथै

शोध सम्भावना तथा भावी शोधकर्ताका निम्ति सुझाउ आदि विषयमा पनि प्रकाश पारिएको छ।

दोस्रो अध्यायमा प्रस्तुत शोधप्रबन्ध निर्माण गर्नका निम्ति अप्नाइएको सैद्धान्तिक ढाँचाबारे अध्ययन प्रस्तुत गरिएको छ। यसमा परिवार शब्दको अर्थ, परिभाषा र प्रकृतिबारे जानकारी दिँदै परिवारको सैद्धान्तिक स्वरूप पहिल्याउने कार्य भएको छ। यससन्दर्भमा परिवार शब्दलाई लिएर विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले गरेका अवधारणाहरूको अध्ययन गर्ने काम भएको छ। समाजलाई समाजशास्त्रीय सन्दर्भबाट हेर्दा के स्पष्ट भएको छ भने यो सामाजिक सम्बन्धहरूको जटिल व्यवस्था हो। समाजमा अनेक संघटक तत्त्वहरू पाइन्छन्। जसमध्ये प्रमुख रूपमा परिवारलाई मानिएको पाइन्छ। अतः यस अध्यायमा परिवारका सदस्यहरूमाझ देखिने विभिन्न प्रकारका सम्बन्धहरूको अध्ययन गर्ने काम भएको छ। सामाजिक संरचनाको प्राथमिक एकाइका रूपमा परिवारलाई ग्रहण गर्दै मूलतः गाँस, बास र कपास, यौनसम्बन्ध, सन्तानोत्पत्ति, सुरक्षा आदिको पूर्तिका साथै समाजमा मानवीय सम्बन्धहरूलाई स्थानीत्त्व प्रदान गर्ने संस्थाको रूपमा ग्रहण गरिएको छ। मानवशास्त्री र समाजशास्त्रीहरूकै आधारमा परिवारलाई परिभाषित गर्दै तथा यसलाई विभिन्न आधारहरूमा वर्गीकरण गर्दै विविध प्रकारमा चर्चा गरिएको छ। परिवारका प्रकारबारेमा अध्ययन गर्ने क्रममा मुख्यतः सदस्यहरूको सङ्ख्या, विवाहको स्वरूप, स्त्री-पुरुषको सत्ता वा अधिकार, वंशनाम तथा निवास आदिका आधारमा परिवारको वर्गीकरण गरिएको छ। अतः यिनै कुराहरूलाई टिपेर यसको बृहत चर्चा गर्ने काम गरिएको छ। यसका साथै यसै अध्यायमा परिवारका सदस्यहरूमाझमा देखिने परस्पर सहयोग, मानव व्यवहारमाथि नियन्त्रण, स्वतन्त्रता, प्रयोग-प्रचलन, कार्य-प्रणाली, आधिकारिता, सतत परिवर्तनशीलतालाई सविस्तार विवेचना गर्ने प्रयास गरिएको छ।

उक्त कुराहरू केलाउनाका साथ साथै विभिन्न नेपाली परिवारहरूमा देखिने पारिवारिक जीवनको बद्लँदो स्वरूपका मूल कारणहरूको अध्ययन पनि यसै अध्यायमा गर्ने काम गरिएको छ।

प्रस्तुत शोध प्रबन्धमा सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणबारे अध्ययन गर्नुपर्ने हुनाले सानु लामाका व्यक्तित्व र कृतित्वको परिचय प्रस्तुत गर्नु एउटा महत्त्वपूर्ण पक्ष ठहरिन्छ। अतः शोध प्रबन्धको तेस्रो अध्यायमा सानु लामाका व्यक्तित्व र कृतित्वबारे अध्ययन प्रस्तुत गरिएको छ। यस क्रममा उनको जन्म तथा बाल्यकाल, शिक्षा र कर्ममय जीवन लगायत साहित्यिक जीवनबारे केलाउनका साथै उनको वैवाहिक र पारिवारिक जीवनबारे जानकारीहरू प्राप्त गर्ने काम गरिएको छ। तथा अन्य कुराहरूमा सानु लामाको के-कस्ता रुचीहरू छन् त्यसबारे जानकारी प्राप्त गर्ने काम गरिएको छ। उनको कृतित्वको परिचय दिने क्रममा भने कथाहरू, साना कथाहरू, उपन्यास लगायत आख्यानेतर कृतिहरूको पनि परिचय दिने काम भएको छ । यसको साथै सानु लामाले गरेका देश-विदेशको भ्रमणको सुची पनि यसै अध्यायमा राखिएको छ।

प्रस्तुत शोध प्रबन्धको चौथो अध्यायमा सानु लामाका कथामा पाइने पारिवारिक जीवनको चित्रण अर्थात् शोधको मुख्य विषयको अध्ययन गर्ने काम गरिएको छ। यस अध्यायमा सानु लामाको कथाकारिताबारे जानकारी दिने काम पनि गरिएको छ। यसअन्तर्गत उनका कथाकारिताबारेमा विभिन्न समालोचक तथा विद्वानहरूले उल्लेख गरेका कुराहरूको पनि चर्चा गर्ने काम गरिएको छ । सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणबारेमा विभिन्न दृष्टिकोणबाट अध्ययन गर्दै परिवारका सदस्यहरूमाझ एका-अर्काप्रति के कस्ता सम्बन्धका आधारमा जीवन व्यतित गरिरहेका छन् सो कुराको अध्ययन गर्ने काम पनि यस अध्यायमा प्रस्तुत गरिएको छ।

प्रस्तुत शोध प्रबन्धको पाँचौँ अध्यायमा आधुनिक भारतीय नेपाली कथाकारहरूका कथामा पाइने पारिवारिक जीवनको चित्रणबारे अध्ययन तथा चिन्तन गर्ने काम गरिएको छ। प्रस्तुत अध्यायमा सानु लामा र भारतीय अन्य कथाकारहरूका कथामा चित्रित पारिवारिक जीवनको चित्रणमाझ देखिने भेद र साम्य के-कस्ता रहेका छन् सो कुराको पनि अध्ययन गर्ने काम गरिएको छ।

शोध प्रबन्धको अन्तिम अध्याय अर्थात् छैटौँ अध्यायमा यस शोधकार्यको उपसंहार र निष्कर्ष प्रस्तुत गरिएको छ।

## ६.२ शोधकार्यको निष्कर्ष

शोध प्रबन्धमा प्रस्तुत गरिएको अध्ययनले यसका मूलभूत विषय प्रकट गर्ने काम गरिसकेको छ। यस शोध प्रबन्धबाट यस्ता विषयहरूलाई निष्कर्षका रूपमा निम्न बुँदाहरूद्वारा प्रस्तुत गरिन्छ -

- समाजको उत्पत्ति स्रोत परिवार हो। यसैले परिवार मानव जीवनसित सम्पर्कमा आउने पहिलो सामाजिक सङ्गठन हो।
- परिवार समाजको प्रमुख घटक हो, जसको सुव्यवस्थामा नै समाज व्यवस्थित र दरिलो हुन्छ।
- परिवार व्यक्तिको सामाजिक जीवनको मात्र मूलाधार नभएर सम्पूर्ण मानवीय जीवनकै मूलाधार हो।
- परिवार समिति र संस्था दुवै हो। समितिको रूपमा परिवार पति-पत्नी, छोरा-छोरी र अन्य व्यक्तिहरूको समूह हो। यस्तो रूपमा परिवार एउटा अस्थायी समिति हो किनभने परिवारका सदस्यहरूको मृत्यु, नयाँ सन्तानको जन्म तथा विवाह विच्छेद आदिका कारण परिवारको आकारमा परिवर्तन आउँदछ। यसरी

नै परिवारलाई एउटा संस्थाको रूपमा हेर्दा यो स्थायी संस्था देखिन्छ। परिवारमा पति-पत्नीमाझको सम्बन्ध विच्छेद भएन भने तथा यसका सदस्यहरूको मृत्यु भएन भने यो स्थायी रूपमा रहन्छ। यदि परिवारलाई नियम र कार्य प्रणालीहरूको व्यवस्थाका रूपमा हेर्ने हो भने यो एउटा संस्थाका रूपमा स्थायी देखिन्छ। यसप्रकार समाजमा परिवारको प्रकृति स्थायी र अस्थायी दुवै रूपमा रहेको पाइन्छ।

- मानिसको जन्मदेखि मृत्युसम्म परिवारले कुनै न कुनै किसिमको प्रभाव पारी नै रहेको हुन्छ। परिवारमा व्यक्तिहरूमाझ दीर्घकालीन सम्बन्धको स्थापना एका अर्काबिचमा रहेको हुन्छ। यसरी हरेक व्यक्ति परिवारमा जन्मन्छ, परिवारमा हुर्कन्छ र परिवारमा नै मर्दछ।
- दाम्पत्यको सम्बन्धबाट फैलिँदै गएर धेरै शाखा प्रशाखा भएको वृक्षजस्तो परिवारको संरचना हुन्छ। विवाहद्वारा सामाजिक रूपमा नारी-पुरुषको सम्बन्धबाट परिवार बन्दछ। यसैले परिवारको निर्माण हुने प्रक्रिया विवाह तथा नारी र पुरुषको सम्बन्धविना सम्भव छैन।
- परिवारले मुख्यतः मानिसका अनेकौँ आवश्यकताहरू पूर्ति गर्नाका साथै मानिसको वैयक्तिक एवम् सामाजिक व्यक्तित्वको विकास पनि गर्छ।
- व्यक्तिले प्रेम, दया, माया, स्नेह, बलिदान, आज्ञापालन, सहानुभूति, अनुशासन आदिको पाठ परिवारद्वारा नै पढ्दछ। परिवारले व्यक्तिलाई अनेक मानवीय तथा सामाजिक गुणहरू विकास गर्नमा सहयोग पुऱ्याउदछ। यसैले मानव जीवनमा परिवारको शैक्षिक भूमिका अति महत्त्वपूर्ण रहेको मान्न सकिन्छ।
- परिवारकै माध्यमबाट सांस्कृतिक तत्त्वहरू एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण भइरहेको हुन्छ।

- प्रत्येक परिवारमा आफ्नो पारिवारिक तथा सामाजिक व्यवहारलाई व्यवस्थित रूपले सञ्चालन गर्न बनाइएका निश्चित नियमहरू हुने गर्छन्। कतिपय यस्ता नियम, रूढि एवम् प्रथाहरू छन् जसले परिवार विघटित हुन नदिनका लागि सामाजिक नियन्त्रण गर्छन्।
- वर्तमान नेपाली परिवारलाई हेर्दा पारिवारिक जीवनको ढाँचा तथा कार्य क्षेत्रमा अनेकौँ परिवर्तनहरू आएका छन्। यसको मूल कारण नेपाली समाजमा पनि औद्योगीकरण, नागरीकरण, बढ्दो जनसङ्ख्या र बेरोजगारी, आधुनिक शिक्षा तथा वर्तमान कानुनी व्यवस्था आदि तीव्र गतिमा भित्रिएकोले गर्दा हो।
- नेपालीमा कथानक, भाषाशैली, चरित्र-चित्रण, सामाजिक यथार्थ तथा मनोवैज्ञानिक यथार्थ आदिका आधारमा कथाको अध्ययन गर्ने परम्परा निकै प्रचलित पाइन्छ। तर परिवारलाई नै मुख्य आधार मानेर कुनै कथाकारका कथाको अध्ययन गरेको भने भेट्टाइँदैन। यद्यपि प्रत्येक अध्ययनकर्ता स्वयम् एउटा परिवारको सदस्य नै हुन्छ।
- सानु लामा एकजना दक्ष अभियन्ता साथै प्रतिष्ठित कथाकार भएर पेसागत र साहित्यिक दुवै व्यक्तित्वको समानान्तर विकास पर्ने प्रतिभाशाली कथाकारका रूपमा परिचित छन्।
- सानु लामाका कथाको मूल भावभूमि आञ्चलिक, सामाजिक एवम् पारिवारिक जीवनका यथार्थमा केन्द्रित पाइन्छन्। यसैले पारिवारिक जीवन उनका कथाको एउटा प्रमुख पक्ष रहेको देखिन्छ।
- उनका कथाहरू सिक्किमेली भूभागलाई नछोई अलग रहन भने सकेका छैनन्। अतः उनका कथा विशेष गरी सिक्किमेली ग्रामीण जनजीवनको चित्रण, त्यहाँको परिवेश, निम्न वर्गीय मानिसहरूले भोग्नुपरेको समस्या, उनीहरूका

रहन-सहन, बोलीचाली, नारी जातिले भोग्नुपरेको पीडा आदि सबल रूपमा चित्रित भएका छन्। यसका साथै उनका कथामा सिक्किमको प्राकृतिक वातावरणको चित्रण रहेको पाइन्छ। अतः उनका कथामा आञ्चलिकता झल्किएको आभास हुन्छ।

- सानु लामाका कथामा मानिसका जीवनमा देखापर्ने स-साना घटनाहरू खुबै राम्रोसँग प्रस्तुत भएको पाइन्छ। यसका साथै उनले आफ्ना कथामा स्त्री र पुरुषबिचको सम्बन्धमा निहित नारीहितका कुराहरूलाई पनि भित्र्याएका छन्।
- सानु लामाका कथामा चित्रित पारिवारिक जीवनको अध्ययन गर्दा उनले प्रायः कथामा नै पारिवारिक जीवनको मूल्यबोधबारे राम्रा-नराम्रा पक्षलाई लिएर कथा लेखेको पाइन्छ।
- उनले आफ्ना कथामा पारिवारिक मूल्यबोधको चर्चा गर्ने क्रममा एकाध कथामा पितृस्थानीय परिवारको अनुकल्पना गरेर पनि कथा लेखेका छन्। उनको 'पैयुँ फुलेको दिन' कथालाई उदाहरणार्थ लिनसकिन्छ। यस कथामा गोपालले विवाह गरेर घरजाम नगरे तापनि सम्भाव्य पितृस्थानीय परिवार प्रथामा केन्द्रित रहेको चित्रण गरिएको छ।
- सानु लामाको 'तृषित मरुद्यान' जस्ता कथाको अध्ययन गर्दा कतिपय नेपाली परिवारहरूमा विवाह भएको धेरै समय बित्दा पनि जैजन्म नहुनुको पछिल्तिर मानिसहरूमा भएको अशिक्षा र ज्ञानाभाव नै हो भन्ने स्पष्ट बुझिन्छ।
- उनका कथाहरूलाई सदस्य सङ्ख्याका आधारमा अध्ययन गरेर हेर्दा उनले एकात्मक परिवारलाई नै महत्त्व दिएको बुझिन्छ। यद्यपि एकाध कथाहरूमा संयुक्त परिवारको चित्रण पनि परिवेश सुहाउँदो नै गरेको पाइन्छ।

- सानु लामाका कथामा चित्रित पारिवारिक जीवनलाई विवाहका आधारमा हेर्दा प्रायः नै एक विवाही परिवार प्रथा रहेको पाइन्छ। यसो भए तापनि 'बलराम थापाको कथा', 'खानीटारमा एकदिन' र 'संयोग' कथाहरूमा बहुविवाही परिवार प्रथा रहेको चित्रण गरेका छन् भने स्वास्नीमान्छे र सात भाईकी चेली कथामा प्रेमविवाही परिवारको चित्रण गरेका छन्। अतः उनले एकाध कथामा नै भए पनि नेपाली परिवारमा देखिने बहुविवाही र प्रेमविवाही परिवार प्रथालाई पनि समावेश गरेका छन्।
- उनले एकाध कथाहरूमा परिवारको चित्रण क्षणिक रूपमा देखाएको भए तापनि नेपाली समाजमा परिवारको महत्त्व के-कस्तो रहेको हुन्छ भन्ने कुरा त्यसमा स्पष्ट गरिएको पाइन्छ। 'फूर्बाले गाउँ छोड्यो' कथामा गोमतीको मृत्युपश्चात् पनि घरभित्रबाट फुर्बालाई बोलाइरहेको झझल्को आइरहेको चित्रणलाई उदाहरणस्वरूप लिनसकिन्छ।
- सानु लामाका कथाले दुःख र दरिद्रता मात्र कथा लेखनको विषयवस्तु नभएर सुख र समृद्धि पनि कथाकै लेख्य विषय हुन सक्छन् भन्ने कुराको प्रमाण दिएको पाइन्छ। उदाहरणका निम्ति 'पाहुना' कथालाई लिन सकिन्छ।
- समाजमा प्रचलित कुप्रथा तथा छुवा-छुत विषयलाई लिएर सानु लामाले 'सात भाईकी चेली' कथाबाहेक अन्य कुनै कथा पनि लेखेको छैन। प्रस्तुत कथामा पनि विवाहको समयमा जातलाई लिएर सामान्य मनमुडाउ भएको तथा पछि त्यो पनि समाप्त भएको चित्रण गरिएको छ। यसको तुलनामा भारतीय अन्य कथाकारहरूले छुवाछुत प्रथालाई लिएर प्रशस्तै कथा लेखेका छन्। जसमध्ये रूपनारायणको 'बिग्रेको बाहुन', शिवकुमार राईको 'मानिस' आदिलाई प्रमुख कथाका रूपमा अघिसार्न सकिन्छ।

- सानु लामाले कतिपय कथाहरूमा परिवारभित्रका सदस्यहरूमध्ये प्रमुख मानिने पति तथा पत्नीको मृत्यु देखाएर उनले कथाको परिवेश कारुणिक बनाएका छन्। यसो भए तापनि कुनै कथामा पनि परिवारका जीवित सदस्यले दोस्रो विवाह गर्ने विचार समेत गरेका छैनन्। अतः उनी एकविवाही परिवार प्रथालाई नै मान्यता दिने कथाकार देखिन्छन्।
- पति तथा छोराको मृत्यु भएको खण्डमा एउटी आमा वा नारीलाई नै दोष्याउने नेपाली परिवारहरूको चित्रण सानु लामालगायत् अन्य कथाकारहरूले पनि आआफ्ना कथामा गरेका छन्।
- नेपाली परिवारमा देखिने लैङ्गिक भिन्नताका आधारमा सानैदेखि पुरुषलाई नारीभन्दा श्रेष्ठ ठान्ने प्रवृत्ति भएका पात्रहरूको पनि चित्रण गरेका छन्।
- आधुनिक भारतीय नेपाली कथाकारहरूले एउटी पत्नीले आफ्नो पतिले जसो भन्छ त्यही गरिहाल्नु पर्ने प्रवृत्ति भएका परिवारहरूको पनि चित्रण गरेको पाइन्छ। उदाहरणार्थ पूर्ण राईको 'देखेको यो कथा'लाई लिनसकिन्छ।
- सानु लामालगायत् अन्य भारतीय नेपाली कथाकारहरूले नै नेपाली समाजका निम्नवर्गका मानिसहरूले भोग्नुपरेका विविध कुराहरूलाई नै चित्रण गरेका छन्। यसैले प्रायः सबैले नै मानिसका माझमा मैत्री भावना कायम गरी समाज सुधारतर्फ दृष्टि पुऱ्याएका छन्।
- उनीहरूका कथामा नेपाली परिवारहरूले समाजका विभिन्न रीति-रिवाज, धर्म, आस्था, विश्वास  आदिका आधारमा के-कस्तो जीवनयापन गरिरहेका छन्, त्यो भेट्टाइन्छ।
- सानु लामाका कुनै पनि कथामा विवाहित भएपछि तथा बाबुको रूपमा परिचित भईसकेपछि चित्रित पात्रले आफ्नो पारिवारिक दायित्वलाई भुलेर मातेर हिडेको तथा पत्नी र नानीहरूलाई छोडेर अन्त्यै कतै गएको जस्ता

घटनाको चित्रण गरेको छैन। तर भारतीय अन्य कथाकारहरूले नेपाली परिवारमा देखिने यस्ता घटनाहरूलाई पनि प्रशस्तै भित्र्याएका छन्। जस्तै श्रीमती खिरोदा खँड्काको 'प्रायश्चित', विन्द्या सुब्बाको 'के थाहा उ आउने हो वा हैन', भगीरथ रावतको 'कोही यहाँ विवश बनेपछि...' आदि।

- सानु लामाले परिवारमा छोरा-छोरीले अभिभावकलाई दुःख, कष्ट दिएको कथा लेखेको छैन्। यसको विपरित अन्य कथाकारहरूले यस्तो विषयलाई पनि टिपेर कथा लेखेका छन्, उदाहरणार्थ जय धमालाको 'हिप्पीवाद', भगीरथ रावतको 'स्टाइपनमा मोज' तथा सञ्जय विष्टको 'वर्तमान' आदि कथाहरूलाई लिनसकिन्छ।

वस्तुतः कथाकार सानु लामाका कथामा पारिवारिक जीवनको चित्रणबारे अध्ययन, विश्लेषण गरी अन्त्यमा के भन्न सकिन्छ भने सानु लामाले आफ्ना कथामा निम्न माध्यमिक परिवारका दैनिक जीवनलाई कथामा टिपेका हुनाले वर्तमान नेपाली परिवारका सदस्यहरू कुन मार्ग तर्फ आग्रसरित भइरहेका छन् सो देखाउनमा उनी चुकेका छन्। उनले परिवारमा घटित विभिन्न घटना तथा त्यस्ता घटनाहरूको कारणले नै पारिवारिक जीवन विघटित हुँदै गइरहेको चित्रण त गरेका छन् तर वर्तमान नेपाली परिवारका सदस्यहरू कुन मार्गलाई अप्नाइरहेका छन् सो देखाउनमा असमर्थ देखिन्छ। अतः यसबाट के स्पष्ट हुनआउँछ भने कथाकार सानु लामाले वर्तमान नेपाली परिवारका सदस्यहरू कुन मार्गलाई अप्नाएर आफ्नो जीवन नष्ट गरिरहेका छन् सो कुरातर्फ उनको ध्यान केन्द्रित भएको छैन्। यसो भए तापनि उनले आफ्ना कथामा पारिवारिक मूल्यबोधको महत्त्वलाई बुझाउँदै नेपाली परिवारमा आफ्नो प्रेमको आधारस्वरूप रहेको व्यक्तिको अनुपस्थितिमा कुनै प्रतिवस्तुका माध्यमले उसको उपस्थितिको अभावपूर्ति गरी सुखानुभव गर्ने नर-नारीका पारिवारिक जीवन सन्दर्भलाई पनि उनले कोट्याएर चित्रण गरेको छ। उदाहरणार्थ 'पेन्सन, तक्मा र

गाडी' कथालाई लिन सकिन्छ। यसरी उनले दैनिक जीवनमा खटिखाने परिवारदेखि सम्पन्न परिवारसम्मका मानिसहरूलाई कथामा टिपेका छन्। यसर्थ, कथाकार सानु लामा आफ्ना कथामा परिवारभित्रका विविध पक्ष, समस्या, अनुभूति, सुख-दुःख, मधुरता-कटुता, हर्ष-बिस्मात्, करुणा आदि प्रस्तुत गर्न सफल भएका छन्। उनका कथामा चित्रित पारिवारिक जीवन गाउँ-घरमा देखिरहेका, सुनिरहेका परिवारभित्रका घटनाहरू झैँ यथार्थ लाग्दछ। अतः उनले कथामा प्रयोग गरेका पारिवारिक कुराहरू कथाअनुरूप र सुहाउँदा पनि देखिन्छन्।